# याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

फोन नं.: ०२४-४१००४८ (अध्यक्ष), ०२४-४१००४९

मेदिबुङ, थर्पु,पाँचथर
१ नं. प्रदेश, नेपाल


प.सं. : २०७४/०७५
च.नं.

मिति : २०७४/११/०६

विषय :- सिलबन्दी सवारी साधन प्रस्ताव आह्वानको सूचना ।

प्रथम पटक सूचना प्रकाशित मिति : २०७४/११/०६

यस कार्यालयको चालु आ.व. २०७४/०७५ को लागि सवारी साधन आपूर्ति सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन) को दफा ८ (१) (क) (८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (चौंथो संशोधन) को नियम ३१ (ख) बमोजिम सवारी साधन उत्पादक कम्पनी वा सो आधिकारिक अधिकृत बिक्रेताद्धारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) विधिबाट गरिने खरिदको कार्यविधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) (१) अनुसार ७ (सात) दिनभित्र कार्यालय समयमा निम्न शर्तहरुको अधिनमा रही प्रस्ताव दर्ता गर्न यो सूचना प्रकाशित गरिएको छ । यस सूचनाको विस्तृत विवरण जि.स.स, जि.प्रशासन का. र को.ले.नि.का. पाँचथरको सूचना पाटीमा समेत टाँस गरिएको र कार्यालयको www.yangwarakmunpanchthar.gov.np मा राखिएको छ ।

तपशिल :

१. ईच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरुले आ-आफ्नो फर्म दर्ता, भ्याट दर्ता, एजेन्सी दर्ता प्रमाणपत्र, Letter of Authorization र आ.व. २०७३/०७४ को आयकर चुक्ता प्रमाणपत्रहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपीहरु समावेश गरि सिलबन्दी प्रस्ताव चार पाङग्रे सवारी साधनको हकमा दस्तुर रु.३,०००।- (तीन हजार रुपैयाँ मात्र) र मोटरसाईकलको हकमा दस्तुर रु.१,०००।- (एक हजार मात्र) पछि फिर्ता नहुने गरी बुझाई यस कार्यालयमा दर्ता गर्न सकिनेछ ।

२.यो सूचना ब्लाष्ट टाईम्स राष्ट्रिय दैनिक पत्रिका धरानमा प्रकाशित भएको मितिले ७ औं दिनसम्ममा कार्यालय समयभित्र सवारी साधन बिक्री गर्न चाहने उत्पादक कम्पनी वा त्यसको अधिकृत/आधिकारिक बिक्रेताले उत्पादनको आधिकारिक स्पेसिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ । सो दिन सार्वजनिक विदा परेमा सम्पूर्ण कार्यहरु सो को भालिपल्ट हुनेछ ।

३. सिलबन्दी प्रस्ताव पेश गर्दा प्रस्तावदाताको ग्राह्यता सम्बन्धि आधार प्रमाणित गर्ने सम्पूर्ण कागजातहरुको नोटरी प्रमाणित प्रतिलिपी समेत अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

४. सिलबन्दी प्रस्ताव राखिएको खाम बाहिर "कार्यालयको नाम र ठेक्का नं. "YRM/CS/G/07-2074-075, Vehicle (4WD) Pickup र YRM/CS/G/08-2074-075, Motorcycle" भन्ने शब्द लेखि सिलबन्दी गरिएको हुनुपर्नेछ ।

५.यसरी दर्ता हुन आएका सिलबन्दी प्रस्ताव ७ औं दिनको सोहि दिन कार्यालयको प्रतिनिधिहरु र प्रस्तावदाताहरुको रोहवरमा खोलिनेछ । प्रस्तावदाताहरु अनुपस्थित रहेमा पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

६.सिलबन्दी प्रस्ताव पेश गर्नेले धरौटी रकम वापत रकम जम्मा गर्नु नपर्ने ।

७.सिलबन्दी प्रस्ताव स्वीकृत भएपछि कम्तीमा तीन दिन र बढिमा पाँच दिनको समय अवधि दिई लिखित रुपमा सिलबन्दी आर्थिक (तोकिएको मूल्य र सुविधा मध्ये मूल्यमा छुट वा सुविधामा थप हुन सक्ने विवरण) प्रस्ताव माग गरिनेछ ।

८.न्यूनतम मूल्याङ्कित सारभूत प्रभावग्राही स्वीकृत प्रस्तावदाताले खरिद सम्झौता गर्दा कबोल गरेको अङ्कको सा.ख. नियमावली, २०६४ को नियम ११० बमोजिम हुने गरी धरौटी रकम वा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकले जारी गरेका कार्य सम्पादन जमानत वापत पेश गरी स्वीकृत भएको ३ (तीन) दिन भित्र सम्झौताको लागि कार्यालयमा उपस्थित हुनुपर्नेछ ।

९.सिलबन्दी प्रस्तावमा उल्लेखित परिमाणको Vehicle (4WD) Pickup / Motorcycle आपूर्ति गर्ने प्रयोजनार्थ: गाउँ कार्यपालिकाको कार्यालय, मेदिबुङ, थर्पु, पाँचथर सम्म वा सम्झौता अनुसार ल्याउनुपर्नेछ ।

१०.कबोल रकम उल्लेख गर्दा तोकिए बमोजिम लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

११.कुनै शर्त राखी पेश गरिएको सिलबन्दी प्रस्ताव स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

याङवरक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फोन नं.: ०२४-४१००४८ (अध्यक्ष), ०२४-४१००४९
मेदिबुङ, थर्पु,पाँचथर
१ नं. प्रदेश, नेपाल

१२.सूचनाको शर्त विपरित भएको, कार्यालयबाट उपलब्ध गराएको स्पेशिफिकेशनमा कुनै थपघट गरिएको, रीत नपुगेको, म्याद नाघी पेश हुन आएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।

१३.सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्यको हकमा सा.ख.ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम हुनेछ ।

१४.थप बुझ्नु परेमा फोन नं. ०२४-४१००४९, ९८५२६८६६९९ र ९८४४६२१५८० मा सम्पर्क राख्न सक्नु हुनेछ ।

१५. उल्लेखित सूचनामा आवश्यक कुराहरु संशोधन गर्नुपर्ने भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

आपूर्ति गर्नुपर्ने सामान :

| ठेक्का नं. | कामको विवरण | स्पेशिफिकेशन | संख्या | कैफियत |
|---|---|---|---|---|
| YRM/CS/G/07-2074-075 | Vehicle (4WD) Pickup | • Double Cab Pickup, Right hand drive model 4WD drive<br>• Engine volume not less than 2000cc<br>• Power output not less than 115PS @governed RPM<br>• Power steering/power assisted<br>• 5 forward and 1 reverse gear<br>• Torque not less than 217Nm@governed RPM<br>• 4 stroke, 4 cylinder water cooled diesel engine | १ (एक) | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ । |
| YRM/CS/G/08-2074-075 | Motorcycle | • 4 stroke, 150 cc<br>• Torque 12.76 Nm<br>• Air cooled<br>• Minimum five speed manual gear | ६ (छ) | |

९८४२९४०६
डम्बर बहादुर आङदेम्बे
प्रमुख प्रशासकीय अधिकृत